नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक १५४ २०७९ साल माघ ३ गते मंगलबार (17 Jan. 2023 Tuesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : माघीकै दिन सेती खोंचमा... ३ पृष्ठमा : यसपटक देखिएको डेङ्गुमा ... ३ पृष्ठमा पेरूको प्रदर्शनमा ज्यान...

# वडा नं. ६ द्वारा ठूलो परिमाणमा फाइबर सिरक वितरण



**दैनिक समाचारदाता**
**राजविराज, २ माघ ।**

चिसोबाट प्रभावित विपन्न परिवारलाई राजविराज नगरपालिका वडा नं. ६ ले सोमबार आफ्नै कार्यालय परिसरमा ठूलो परिमाणमा फाइबर सिरक वितरण गरेको छ ।

एक कार्यक्रमको आयोजना गरी वडा भित्रका विपन्न, असहाय, बृद्धबृद्धा, एकल महिला, दलित तथा शारिरीक रुपमा अशक्त ३ सय ८० जनालाई फाईबर सिरक वितरण गरेको हो ।

कार्यक्रममा विपन्न समुदायका १ सय ९० बृद्धबृद्धा, १ सय ४५ एकल महिला र ४५ जना शारिरीक रुपमा अशक्त भएकाहरुलाई सिरक प्रदान गरिएको सो वडा कार्यालयले जनाएको छ ।

यस वर्ष कुनै पनि पालिका वा वडाले यस्त्रो ठूलो परिमाणमा सिरक बितरण गरेको यो पहिलो पटक हो ।

चिसो संगै वडाका विपन्न, असहाय, अशक्त बृद्धबृद्धाको जनजीवन थप कष्टकर बनाउदै लगेपछी उनीहरुलाई वडाको विपद् व्यवस्थापन कोषबाट सिरक खरीद गरि बितरण गरिएको वडा अध्यक्ष शशी चौधरीले जानकारी दिएका छन् ।

कार्यक्रमका प्रमुख अतिथी राजविराज नगरपालिकाकी कार्यवहाक नगर प्रमुख इसरत परविन, नगरपालिकाको स्थास्थ्य शाखाका प्रमुख निरंजन यादव, वडा अध्यक्ष चौधरी लगायतले उक्त सिरक चिसो प्रभावित विपन्न समुदायलाई वितरण गरेका थिए ।

विनोद चौधरीद्वारा संचालित कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रिय पार्षद मनोज कुमार माझी, पत्रकार महासंघ शाखा सप्तरीका कोषाध्यक्ष नविन कुमार गुप्ता, वडा नं ४ का अध्यक्ष दिनेश कुमार साह, वडा नं. ५ का अध्यक्ष बन्धु दास, वडा नं. ६ का सदस्य दिपक शर्मा, मो.जाहाँगिर, सोमिता सदा, लिला सरवरिया, वडा नं. ७ का सदस्य रामानन्द देव लगायतको समेतको उपस्थिती रहेको थियो ।

# विमान दुर्घटना जाँच आयोगले काम सुरु गर्‍यो

काठमाडौँ, २ माघ (रासस) ।

पोखरामा आइतबार बिहान भएको यती एयरलाइन्सको विमान दुर्घटनाको सत्यतथ्य पत्ता लगाउन गठित 'विमान दुर्घटना जाँच आयोग'ले काम सुरु गरेको छ ।

दुर्घटना जाँच आयोगले सोमबारदेखि काम सुरु गरेको नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का प्रवक्ता जगन्नाथ निरौलाले जानकारी दिनुभयो । उहाँका अनुसार विमानको 'ब्ल्याक बक्स' सोमबार बिहान भेटिएको छ । ब्ल्याक बक्स आयोगलाई बुझाइसकिएको छ । ब्ल्याक बक्स विमान दुर्घटनाका कारण पत्ता लगाउन महत्वपूर्ण मानिन्छ । ब्ल्याक बक्समा 'फ्लाइट राडर रेकर्ड' र 'ककपिट भ्वाइ रेकर्ड' हुन्छ ।

सरकारले आइतबार दुर्घटनामा परेको यती एयरलाइन्सको विमानको दुर्घटनाको सत्यतथ्य पत्ता लगाउन पाँच सदस्यीय जाँच आयोग गठन गरेको थियो । आयोगको संयोजकमा पूर्वसचिव नागेन्द्र घिमिरे रहनुभएको छ ।

साथै सदस्यमा हवाई विज्ञद्वय दीपकप्रकाश बास्तोला (अवकाशप्राप्त उपरथी) र सुनिल थापा (अवकाशप्राप्त क्याप्टेन) तथा हवाई मर्मत इञ्जिनियर एकराजजङ्ग थापा हुनुहुन्छ । आयोगको सदस्यसचिवमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने हुनुहुन्छ ।

दुर्घटनाका कारण पहिचान गर्न र आगामी दिनमा त्यस्ता दुर्घटना दोहोरिन नदिनका लागि अपनाउनुपर्ने सुझावसहितको प्रतिवेदन दिन आयोग गठन गरिएको

*बाँकी अन्तिम पृष्ठमा*

## जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा बिक्रीमा छ । जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ०३१-५३०४३४**

# विमान दुर्घटनामा मृत्यु भएका ३८ जनाको सनाखत



**दैनिक समाचारदाता**
**काठमाडौं, २ माघ ।**

पोखरामा आइतबार भएको विमान दुर्घटनामा ज्यान गुमाएका ३८ जनाको सनाखत भएको छ ।

पोखरामा आइतबार यति एयरको विमान दुर्घटनामा मृत्यु भएकाहरुको परिवार तथा आफन्तको सहयोगमा सनाखत गरिएको हो ।

सनाखतमा हुनेमा १६ महिला र २२ पुरुष रहेका छन् । फेला परेकामध्ये सनाखत भइसकेका शवको पोष्टमार्टका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा राखिएको छ ।

पोर्टमार्टमका लागि ७ सदस्यीय राष्ट्रिय टोली गठन गरिएको छ डाक्टर भरत खत्रीका अनुसार सो टोलीमा पोखराका ५

*बाँकी तीन पृष्ठमा*

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय

# गुणस्तरिय कामप्रति सबैको ध्यान पुगोस्

सप्तरी जिल्लामा अहिले विभिन्न सडक तथा अन्य भौतिक संरचनाको विकासीय कार्यहरु भइरहेका छन् । विभिन्न स्थानमा बाटो निर्माण तथा मरमत, नाला निर्माण तथा अन्य भवन निर्माणका कार्यहरु भइरहेका छन् । विकास हुनु सकारात्मक हो तर, गुणस्तरहीन काम गरेर विकास गर्नु त्यो चाही सही होइन् ।

यसै अन्तरगत अहिले रुपनी राजविराज सडक खण्ड चार लाइन बिस्तारको कार्य भइरहेको छ । वर्षौंदेखी उपेक्षित रहेको उक्त सडकखण्ड बिस्तार भइरहेकोप्रति स्थानिय हर्षित भएका छन् । सडकको दुबै पट्टी अपुग जग्गा लिने काम समेत भएको छ । तर, सडक बिस्तारको कामलाई गुणस्तरिय गराउने तर्फ समेत स्थानियहरु जागरुक हुनु त्यत्तिकै आवश्यक छ । त्यस्तै भारदह राजविराज सडकको काम पनि सूचारु भएको छ । सो कार्यप्रति पनि सबै जागरुक भएर गुणस्तरिय गराउनेतर्फ उन्मुख हुनु आवश्यक छ ।

ठेक्केदार कमपनीमार्फत भइरहेको यी कामहरुप्रति सबै सरोकारवाला निकाय गम्भिर हुनु आवश्यक छ । कसैले वाधा उत्पन्न नगरे पनि ठेकेदारले मनोमानी ढंगले गुणस्तरहीन काम गरिरहेकोप्रति स्थानिय निकायले ध्यान पुऱ्याउनु पर्ने उत्तिकै आवश्यक छ । तसर्थ सडक बिस्तारको कार्यलाई जिल्लाको विकासमा एक खुडकिलाको रुपमा लिनुपर्छ । यस्ता विकासीय कार्यप्रति सबैले सहयोग गर्नुका साथै निगरानी गर्नु पनि जरुरी छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# माघीकै दिन सेती खोंचमा बिलायो सुरक्षित मानिएको एटिआर

काठमाडौँ, २ माघ (रासस) ।

'पुसमा पाकेको माघमा खाने' पर्वका रूपमा देशभर माघे सङ्क्रान्तिको रौनक थियो । मौसम सफा थियो । सरकारले सार्वजनिक बिदा दिएको कारण अधिकांश सरकारी वा गैरसरकारी कार्यालय बन्द थिए । चिसो मौसम धेरै जसो मानिस घाम ताप्न व्यस्त थिए । केही मानिस आफ्नो काममा व्यस्त थिए ।

कतिपय माघी मनाउन र अन्य काममा काठमाडौँबाट पोखरातर्फ जानेहरू आफन्त भेटने अपेक्षामा थिए । तर उनीहरूको सबै चाहना सेती खोँचमा बिलाउन पुग्यो ।

सबै प्रक्रिया पूरा गरेर उडेको थियो जहाज । यति एयरलाइन्सका वरिष्ठ पाइलट एवं प्रशिक्षक चालकका रूपमा परिचित कमल केसीको नेतृत्वमा एनवाइटी- ६९१, नाइन एन-एएनसी कलसाइन भएको जहाज बिहान १०:३३ मा उडेको थियो । करिब ११ बजेतिर विमान पोखराको घारीपाटन नजिकै सेतीको खोँचमा दुर्घटना भयो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका प्रवक्ता टेकनाथ सिटौलाका अनुसार आइतबार काठमाडौँबाट पोखराका कूल १६ उडान थिए । त्यसमा नौ वटा उडान बुद्ध एयरका थिए भने यतिका चार उडान । श्री एयरलाइन्सको एक र सौर्यको दुई उडान थिए । काठमाडौँ-पोखराको हवाई मार्ग अन्यत्रको तुलनामा सुरक्षित मानिन्छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक प्रेमनाथ ठाकुरका अनुसार सबै प्रक्रिया पूरा गरेर जहाज उडेको थियो । अवतरणका लागि जहाजले पोखरा विमानस्थलबाट अनुमति पाइसकेको थियो । तर, जहाज एक्कासि दुर्घटना पर्दा मुलुक नै शोकमा पऱ्यो । देशविदेशका सञ्चारमाध्यममा नेपालको हवाई दुर्घटनाको समाचार खरमा आगो लागे जसरी फैलियो ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार आन्तरिक उडानतर्फ डबल इन्जिन जहाज दुर्घटनामा हालसम्मकै सबैभन्दा धेरै यात्रुको ज्यान गएको यो पहिलो पटक हो । विमान दुर्घटनामा परी ६९ को शव फेला परेको छ । त्यसमध्ये २३ जनाको सनाखत भइसकेको छ ।

**सुरक्षित मानिएकै एटिआर जहाज दुर्घटनामा**

संसारभर नै एटिआर सिरिजका जहाजलाई नागरिक उड्डयनमा सुरक्षित र भरपर्दो मानिन्छ । नेपालको भौगोलिक अवस्थिति अनुकूल सुरक्षित उडानको सुनिश्चितताका लागि पछिल्लो प्रविधिको एटिआर जहाज भित्र्याएर सेवा सञ्चालन गरिएको छ ।

वायुसेवा सञ्चालक सङ्घका प्रवक्ता योगराज शर्मा कँडेलका अनुसार एटिआर जहाज हवाई उडानका दृष्टिले निकै सुरक्षित मानिन्छ । विमानमा कुनै पनि समस्या देखिए 'इन्डिकेटर'मा सङ्केत आउँछ । सोही सङ्केतका आधारमा चालक दलले विमानको सुरक्षित अवतरणका लागि आवश्यक प्रक्रिया अपनाउँछन् ।

वायुसेवा सञ्चालक सङ्घका प्रतिनिधि एवं सीता एयरका आधिकारिक व्यवस्थापक घनश्यामराज आचार्यले पनि तुलनात्मकरूपमा सुरक्षित मानिएको एटिआर सिरिजका जहाज दुर्घटनामा पर्नु आफैँमा दुर्भाग्य भएको बताउनुभयो । उहाँले भन्नुभयो, "नेपालमा साना जहाज बढी मात्रामा दुर्घटनामा परेका थिए । एटिआर नै दुर्घटनामा परेको भने यो पहिलो पटक हो ।"

यती एयरलाइन्सका हवाई सुरक्षा शाखाप्रमुख एवं प्रवक्ता सुदर्शन बर्तौलाका अनुसार प्राविधिक हिसाबले एटिआर विमान निकै सुरक्षित मानिने भए पनि कसरी दुर्घटनामा पऱ्यो छानबिनपछि मात्रै भन्न सकिन्छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का पूर्वमहानिर्देशक त्रिरत्न मानन्धरले तुलनात्मकरूपमा एटिआर जहाज बढी सुरक्षित र भरपर्दो मानिने बताउनुभयो । उहाँले भन्नुभयो, "हुनै नहुने दुर्घटना हुन गयो, यो नेपाली उड्डयनकै लागि दुर्भाग्य हो । छानबिनपछि आधिकारिक निर्णय आउला अहिले म थप केही भन्न सक्दिनँ ।"

नेपालको भूधरातलीय स्वरूप अनुरूप हवाई यातायात निकै सुलभ र भरपर्दो मानिन्छ । तर विमान दुर्घटनाको सिलसिला हेर्दा हवाई उडान सुरक्षामा विश्वासको सङ्कट पैदा भएको छ । पछिल्ला दुर्घटनाले हवाई सेवाप्रति नागरिकको विश्वास गिर्दो रहेको छ ।

पटक-पटक हवाई दुर्घटना भएपछि त्यसको समाधानका लागि नेपालमा पनि एटिआर सिरिजका जहाज भित्र्याइए । तर आइतबारको दुर्घटनाले त्यसमा पनि आशङ्का थपिदिएको छ । क्यानका प्रवक्ता जगन्नाथ निरौला पनि एटिआर जहाज प्राविधिक हिसाबले राम्रो र सुरक्षित मानिने बताउनुहुन्छ । उहाँले भन्नुभयो, "दुर्घटनामा परेको जहाज प्राविधिक हिसाबले राम्रो हालतमा थियो । अनुभवी प्रशिक्षक पाइलटले चलाएको विमान कसरी दुर्घटनामा पऱ्यो क्यान पनि आश्चर्यमा परेको छ", प्रवक्ता निरौलाले दुर्घटनाको कारण छानबिन समितिको निष्कर्ष नआएसम्म अहिले नै यसै हो भन्न नसकिने उल्लेख गर्नुभयो ।

**नेपालमा कहिले भित्रियो एटिआर**

नेपालमा पहिलो पटक नेकोन एयरले एटिआर जहाज भित्र्याएको थियो । कम्पनीले एटिआर-४२ जहाजमार्फत सेवा दिएको थियो । पछिल्लो पटक निजी क्षेत्रको अग्रणी वायुसेवा प्रदायक बुद्ध एयर र यती एयरलाइन्सले एटिआर जहाजमार्फत उडान गर्दै आएका छन् ।

नेपालमा एटिआर-७२ र एटिआर-४२ सिरिजका जहाज सञ्चालनमा छन् । सबैभन्दा धेरै बुद्धसँग एटिआर-७२ का ११ वटा र एटिआर-४२ का तीन गरी कूल १४ विमान छन् । यस्तै, यती एयरलाइन्ससँग छवटा एटिआर-७२ मध्ये आइतबार एउटा दुर्घटनामा परेको छ । मुलुकको आन्तरिक उडानमा ११ हेलिकोप्टर कम्पनी र नौ 'फिक्स्ड विङ्स' गरी कूल २० हवाई सेवा प्रदायकले उडान गर्दै आएका छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट आन्तरिकतर्फ दुईतर्फी दैनिक कूल दुई सय ६० उडान हुने गरेको विमानस्थल कार्यालयले जनाएको छ ।

**एटिआर जहाजको विशेषता**

यो जहाजको कूल वजन १२ हजार नौ सय ५० किलो हुन्छ । यो विमानले २२ हजार पाँच सय किलोग्राम बराबरको भारवहन गर्ने क्षमता राख्छ । एटिआर जहाज फ्रान्स र इटालीको संयुक्त उपक्रम रहेको अभिनस डी ट्रान्सपोर्ट रिजनलले उत्पादन गर्दै आएको छ । जहाज बनावटका हिसाबले पनि आकर्षक मानिन्छ । यो विमान छोटो दूरीको उडानका लागि प्रयोग गरिन्छ ।

विमान निर्माता कम्पनी, क्यान र अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) को मापदण्डअनुरूप जहाज सञ्चालन हुने भएकाले पनि दुर्घटनाको कारण खोज्न छानबिन समितिको प्रतिवेदन नै कुनुपर्ने देखिन्छ ।

# हवाई दुर्घटनाको क्षति मूल्याङ्कन गर्न विदेशी टोली नेपालमा

काठमाडौँ, २ माघ (रासस) ।

आइतबार पोखरामा भएको यती एअरलाइन्सको विमान दुर्घटनाको क्षति मूल्याङ्कन गर्न बीमा सर्भेयर र कानून व्यवसायीहरूको टोली नेपाल आइपुगेको छ ।

क्षतिग्रस्त सम्पत्ति तथा दायित्वको मूल्याङ्कन गर्नका लागि सर्भेयर टोली सिङ्गापुर र कानूनी व्यवसायीको टोली भारतबाट सोमबार काठमाडौँ आइपुगेको नेपाल बीमा प्राधिकरणका प्रवक्ता राजु रमण पौडेलले जानकारी दिनुभयो । बीमा दलाल (ब्रोकर) का रूपमा रहेको बेलायतको कम्पनीले सिङ्गापुरबाट सर्भेयर खटाएको उहाँको भनाइ छ ।

दुर्घटनामा परेका यात्रुको बीमा दाबी भुक्तानीका लागि कुनै समस्या नहुने पनि पौडेलले जानकारी दिनुभयो । "बीमा गरेको कम्पनीले पनि अर्को कम्पनीमा पुनर्बीमा गरेको हुन्छ । पुनर्बीमाबाट पैसा आएपछि बीमा कम्पनीबाट भुक्तानी भइहाल्छ । मृतकको पोस्टमार्टम रिपोर्टका आधारमा बीमा रकम भुक्तानी हुन्छ", उहाँले भन्नुभयो ।

सोमबार सिंहदरबारमा बसेको राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकले हवाई दुर्घटनामा परेका यात्रुका परिवारलाई बीमा भुक्तानीका सहजीकरण गर्न निर्देशन दिएको पनि प्रवक्ता पौडेलले जानकारी दिनुभयो । बीमा दाबी भुक्तानीबारे प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले पनि चासो राखेको उहाँको भनाइ छ ।

"राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकले बीमा भुक्तानीबारे चासो राखेको थियो । बीमा रकम भुक्तानीका लागि पोस्टमार्टम रिपोर्ट चाहिने भएकाले पोखरा र काठमाडौँबाट रिपोर्ट लिन सकिने भनिएको छ । दाबी भुक्तानीमा समस्या नहुने जानकारी हामीले समितिलाई गराएका छौँ", प्रवक्ता पौडेलले भन्नुभयो ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार हवाइयात्रुको २० हजार अमेरिकी डलर बराबरको बीमा गरिएको हुन्छ । चालकदलका सदस्यको भने एअरलाइन्स कम्पनीअनुसार फरक-फरक हुने प्राधिकरणले जनाएको छ ।

आइतबार दुर्घटनामा परेको यती एअरलाइन्सको हवाइजहाजमा सवार चार जना चालक दल र ६८ जना यात्रु सबैको मृत्यु पुष्टि भइसकेको छ ।

# प्रत्यक्षदर्शी भन्छन् : 'आँखै अगाडि यस्तो दुर्घटना कहिल्यै देखिएको थिएन'

लेखनाथ, २ माघ (रासस) ।

"घरको आँगनमा घाम तापेर कुर्सीमा बसिरहेको थिएँ, आइतबार बिहान ११ बजे एक्कासि जहाज घरको छतलाई नै छुनेगरी उत्तर तर्फबाट कोल्टिँदै आयो, हेर्दाहेर्दै घरको एक सय मिटर पूर्वको सेती डिलको बाँस घारीमा ठूलो आवाज दिँदै बजारियो । जहाजको एक टुक्रा म बसिरहेको कुर्ची नजिकै आएर बजारियो", जहाज दुर्घटना स्थलको एक सय मिटर पश्चिम स्यालदुले निवासी ८७ वर्षीय बबरजङ्ग गुरुङले भन्नुभयो, "आँखै अगाडि यस्तो दुर्घटना कहिल्यै देखेको थिइनँ ।"

"जहाज बजारिएपछि आगोको मुस्लोसहित धुवाँले गाउँ नै ढाक्यो, केही समयपछि पुलिस र आर्मी आइपुगे, मसहित मेरो परिवार र वरपरका छिमेकीसमेत ठूलो कालले बाच्यौँ भनेर घरभित्र पस्यौँ तर आगो फैलिन्छ कि भन्ने चिन्ता भन् बढ्न थाल्यो । पछि जहाजमा लागेको आगो नियन्त्रणमा आयो", उहाँले भन्नुभयो ।

सेती खोँचको पूर्वी भागमा डिलको बाँसको थानमा बजारिएको विमानका केही टुक्रा सेती खोँच वारि, केही टुक्रा पारि र केही टुक्रा खोँचमा खसेका छन् । शवहरु केही डिलमा अड्किएको भए पनि अधिकांश सेती खोँचमा नै खसेका छन् ।

आइतबार बिहान पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नजिकै नयाँगाउँको खोँचमा विमान दुर्घटना भएको थियो । विमानमा ६८ यात्रु र चारजना चालक दलका सदस्यसहित ७२ जना सवार थिए । दुर्घटनाग्रस्त ९ एन-एएनसी विमान पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्ने क्रममा पुरानो र नयाँ विमानस्थलबीचको नयाँगाउँस्थित सेतीको खोँचमा दुर्घटनामा परेको थियो ।

दुर्घटनास्थल नजिकै नयाँगाउँ निवासी विष्णुहरि सापकोटाले भन्नुभयो, "उत्तरतर्फको काहूँ डाँडातर्फबाट पुरानो विमानस्थलमा आइतबार जहाज आयो भनियो ।

बाँकी तीन पृष्ठमा

# यसपटक देखिएको डेङ्गुमा सेरोटाइप-३ स्वरुप

काठमाडौँ, २ माघ (रासस)।

नेपालमा गरिएको नमुना परीक्षणमा सेरोटाइप-३ स्वरुपको डेङ्गु धेरै देखिएको छ। राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, बिपी कोराइला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान र त्रिभुवन विश्वविद्यालयको प्रयोगशालामा गरिएको अध्ययनमा सेरोटाइप-३ स्वरुपको डेङ्गु पाइएको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग नियन्त्रण शाखाका प्रमुख डा गोकर्ण दाहालले जानकारी दिनुभयो।

उहाँले विगतका वर्षभन्दा यसपटक सेरोटाइप-३ धेरै देखिएको बताउनुभयो। "यस भन्दाअघि पनि हामीले नमूना परीक्षण गर्दा थोरै मात्रामा सेरोटाइप-३ देखिएको थियो", उहाँले भन्नुभयो, "यसपटक भने बिरामी पनि धेरै भएकाले धेरै जनामा सेरोटाइप-३ देखिएको छ।"

सामान्यता एकपटक डेङ्गु भएकालाई पुनः डेङ्गु हुँदा सेरोटाइप-३ देखिने सम्भावना रहेको उहाँको भनाइ छ। उहाँका अनुसार तीन ठाउँमा गरिएको तीन सय ३४ वटा नमूना परीक्षणमा ८१ जनामा सेरोटाइप-३ देखिएको छ भने दुवै खालका स्वरुप (मिक्स) भने छ जनाको नमूना परीक्षणमा देखिएको छ।

सामान्यता एकपटक डेङ्गु देखिएकालाई अर्कोपटक देखिँदा सेरोटाइप-२, सेरोटाइप-३ देखिने गर्दछ। "सेरोटाइप-१ र सेरोटाइप-२ भइसकेका बिरामीले डेङ्गुसँग लड्ने क्षमता बनाइसकेका हुन्छन्", उहाँले भन्नुभयो, "यही ती दुई स्वरुपको सङ्क्रमण भइसकेका बिरामीलाई पुनःडेङ्गु भयो भने सेरोटाइप-३ हुन्छ।"

राष्ट्रिय प्रयोगशाला टेकुमा दुई सय ७२ परीक्षणमध्ये ५९, त्रिविको ल्याबमा गरिएका ५० नमूनामध्ये १७ र धरानमा १२ नमुना परीक्षणमध्ये पाँच जनामा सेरोटाइप-३ देखिएको छ। यस्तै टेकुमा सेरोटाइप-१ प्रजाति एक सय २६, सेरोटाइप-२ प्रजाति २९ र ५३ नमुना परीक्षणमा डेङ्गु देखिएको थिएन। यस्तै त्रिविमा ५० जनामा गरिएको नमुना परीक्षणमा सेरोटाइप -१ स्वरुप २१ र सेरोटाइप-२ स्वरुप पाँच जना र छ जनामा डेङ्गुको सङ्क्रमण देखिएको थिएन। यस्तै धरानमा १२ जनामा गरिएको परीक्षणमा सात जनामा सेरोटाइप-१ देखिएको थियो।

महाशाखाले यसअघि २०१९ मा गरिएको नमुना परीक्षणमा सेरोटाइप-१ र सेरोटाइप-२ मात्र देखिएको उहाँले जानकारी दिनुभयो। डेङ्गु पानी जम्ने ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फूल पार्दछ र ती फुल लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएर टोकेपछि डेङ्गु लाग्दछ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका प्रमुख कन्सल्यान्ट डा विमल चालिसेले अघिल्लो पटक बिरामीमा देखिएको डेङ्गीको स्वरुप पछिल्लो फेरि डेङ्गु देखिएका स्वरुप परिवर्तन गरी जटिल समस्या देखिने बताउनुहुन्छ। "पहिलो पटक सेरोटाइप-१ डेङ्गुको स्वरुप देखिएको छ भने अर्को पटक सङ्क्रमण हुँदा सेरोटाइप-२ वा सेरोपाइप-३ देखिन्छ", उहाँले भन्नुभयो, "यसरी पुनः डेङ्गु देखियो भने बिरामीलाई बढी जटिल बनाउने गर्दछ।"

उच्च ज्वरो आउने र टाउको दुख्ने, बिरामीमा थकान महसुस हुने, गिँजाबाट रगत बग्ने, पेट असाध्यै दुख्ने, बारम्बार बान्ता हुने, सास फेर्न गाह्रो हुने, पेट खुड्डा सुनिने लक्षणजस्ता पहिले सङ्क्रमण भएको भन्दा दोस्रो पटक डेङ्गु भएका बिरामीलाई गराउने गर्दछ।

यस्तै सामान्य प्रकारको डेङ्गुमा उच्च ज्वरो आउने, टाउको, आँखाको गेडी, ढाड, शरीर, घुँडाका जोर्नी दुख्ने, पिँडौलाको मासु दुख्ने जस्ता लक्षण देखा पर्दछन्। नेपालमा पहिलो पटक सन २००४ मा एक जनामा डेङ्गु देखिएको थियो। सन् २००५ मा भने डेङ्गुका बिरामी देखिएनन्। त्यसपछि सन् २००६ देखि डेङ्गुको सङ्क्रमण देखिँदै आएको छ।

सन् २०२२ मा ५४ हजार छ सय ३० जनामा डेङ्गु देखिएको र डेङ्गुबाट ८८ जनाको ज्यान गइसकेको छ। महाशाखाका किटजन्य रोग नियन्त्रण शाखाका प्रमुख डा दाहालले डेङ्गु सङ्क्रमण पूर्णरुपमा नियन्त्रणमा नआइसकेकाले हप्तामा औसतमा सातदेखि आठ जनामा देखिने गरेको बताउनुहुन्छ।

सन् २००६ मा ३२ जना, २०१० मा नौ सय १७ जना, २०१३ मा छ सय ८६ जना, २०१६ मा एक हजार पाँच सय २७ जना, २०१७ मा दुई हजार एक सय ११ जना, २०१८ मा आठ सय ११ जना र २०१९ मा डेङ्गु बढेको पाइन्छ। तीमध्येसबभन्दा बढी २०१९ मा १७ हजार नौ सय ९२ जनामा डेङ्गुका बिरामी देखिएका थिए। त्यसपछि कोरोना भाइरसका कारणले नेपालमा डेङ्गुको सङ्क्रमण कम देखिएको छ। सन् २०२० मा पाँच सय ३० जना र सन् २०२१ मा पाँच सय ४० जना डेङ्गुका बिरामी देखिएका थिए।

# 'पोखराको विमान दुर्घटनाले नेपालको हवाई र पर्यटन क्षेत्रमा ठूलो धक्का'

काठमाडौँ, २ माघ (रासस)।

नेपालका पर्वतीय पर्यटनको छाता संस्था ट्रेकिङ एजेन्सीज् एशोसिएशन अफ नेपाल (टान)ले देशको पर्यटकीय राजधानी पोखरामा भएको विमान दुर्घटनाले नेपालको हवाई र पर्यटन क्षेत्रलाई ठूलो धक्का लागेको बताएको छ।

टानका महासचिव विनोद सापकोटाले एक विज्ञप्ति जारी गरी माघ १ गते आइतबार बिहान १०:३२ बजे काठमाडौँदेखि पोखराका लागि उडेको यती एयरलाइन्सको नाइन एन-एएनसी-एटिआर-७२ ५०० विमान पोखरा विमानस्थलमा अवतरणका क्रममा भएको दुर्घटनाले नेपालको हवाई र पर्यटन क्षेत्रलाई ठूलो धक्का लागेको बताउनुभयो।

"कोरोना भाइरसको महामारीबाट भर्खरै तङ्ग्रिँदै गरेको नेपालको पर्यटन क्षेत्रमा हवाई दुर्घटनाले अपूरणीय क्षति पुगेको छ", टानद्वारा जारी विज्ञप्तिमा भनिएको छ। भर्खरै मात्र नयाँ विमानस्थलको निर्माण सम्पन्न भई उडान शुभारम्भ भएको र पर्यटकीय राजधानीको रुपमा रहेको पोखरामै भएको दुर्घटनाले नेपालको हवाई क्षेत्रमा मात्र नभइ देशको समग्र पर्यटन क्षेत्रमा नै ठूलो धक्का लागेको महासचिव सापकोटाले बताउनुभयो।

टानका अध्यक्ष निलहरि बाँस्तोलाले नेपाली आकाश र नेपालको हवाई क्षेत्र सुरक्षित राख्न राज्यले महत्वपूर्ण कदम चाल्ने बताउनुभयो। आगामी दिनमा यस्ता दुर्घटना कसरी कम गर्न सकिन्छ भन्नेबारे राज्यको जिम्मेवार निकायले गहनरुपले सोचेर कदम चाल्ने उहाँको भनाइ थियो।

## *प्रत्यक्षदर्शी भन्छन् ...*

तर, जहाज पुरानो विमानस्थलबाट पश्चिम मोडेर नयाँ विमानस्थलमा लाने क्रममा एक्कासि ढलपल ढलपल हुँदै सेती नदीको खोँच डिलको बाँसको थानमा छुन पुग्यो। अनि ठूलो आवाजसहित भुईँमा खस्यो। हामी दौडेर त्यहाँ पुग्दा आगोको मुस्लोसहित धुवाँ आइरहेको थियो", उहाँले भन्नुभयो।

"दुर्घटनास्थलमा जान सक्ने अवस्था थिएन। केही समयपछि आएका सुरक्षाकर्मीले पानीको फोहोराले आगो निभाउने प्रयास गरे, केही समयपछि आगो नियन्त्रणमा आएको भए पनि सेती खोँचमा रहेको लास जलेको गन्ध आइतबार दिनभरि आइनै रहेको छ", स्थानीय सापकोटाले भन्नुभयो। सेती खोँचको पूर्वी भागका एक दर्जन घर भिमानचालकले बचाएर सेती खोँचमा खसालेको अनुमान स्थानीय प्रीती गुरुङ गर्नुहुन्छ।

अर्का प्रत्यक्षदर्शी स्थानीय मनिषा परियारले भन्नुभयो, "हामी त घाम तापेर बसिरहेका थियौं, जहाज कोल्टे-कोल्टे हुँदै आयो, के भएछ भनेर हेरियो",उहाँले भन्नुभयो, "त्यसको एकैछिनमा जहाज गति गुमाउँदै भूईंमा खस्यो, बचाउ बचाउ भन्ने आवाज सुनियो, अनि त हामी भनै आत्तियौं।" क्स

विमान कोल्टे परेको दुईतीन मिनेटमै सेतीको खोँचमा ठोक्किएको उहाँले जानकारी दिनुभयो। विमान खोँचमा खसेकाले बस्ती जोगिएको उहाँको भनाइ थियो। "कोल्टे कोल्टे हुँदै वारि ठोकिएर पारि जोतिन पुग्यो, अनि आगो बल्न सुरु भइहाल्यो", मनिषाले भन्नुभयो, "धन्न हाम्रै घरमाथि खसेन जहाजको क्षति त हुन्थ्यो नै हाम्रो पनि बिचल्ली हुन्थ्यो।"

आगो बल्न थालेपछि बाल्टीमा पानी लिएर गए पनि उद्धार गर्न नसकेको उहाँले बताउनुभयो। केही स्थानीयले प्रहरीलाई खबर गरे पनि जलिरहेको जहाज हेर्नुभन्दा अर्को उपाय नभएको उहाँको भनाइ थियो। "एकै छिनमा आगो बल्न सुरु भयो। हामीले बाल्टीमा पानी बोकेर त गयौं तर त्यसले के हुन्थ्यो ?" उहाँले भन्नुभयो, "कसैले प्रहरीलाई फोन गर्न तिर लाग्यौं। केही छिनमा बोरिङको ट्याङ्कर पनि आयो त्यसपछि दमकल, एम्बुलेन्स, प्रहरी, आर्मी सबै आए। अनि बल्ल हामीलाई बाँच्नेहरु बाँच्छन् कि भन्ने भयो।"

पोखराको सेती खोँचमा आइतबार बिहान भएको विमान दुर्घटनामा परेकामध्ये ४:३० बजेसम्म ६२ वटा शव निकालिएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी प्रमुख अजय केसीले जानकारी दिनुभयो।

दुर्घटनामा पर्ने यतिको उक्त विमान पोखराको अन्तर्राष्ट्रिय विमानस्थलमा पहिलोपटक अवतरण गर्ने विमान थियो। उक्त विमानलाई यति एयरलाइन्सका वरिष्ठ क्याप्टेन कमल केसीले उडाएका थिए। क्याप्टेन केसी प्रशिक्षक पाइलट पनि हुन्। यही विमानबाट पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा पहिलो 'डेमो' उडान गरेका थिए। नेपालमा ७२ यात्रु क्षमताको एटिआर विमान दुर्घटना भएको यो पहिलो घटना भएको बताइएको छ।

उक्त विमानमा चालक दलका सदस्यहरू कमल केसी, अन्जु खतिवडा सृजना होंगचुन र ओसिन आले मगर थिए। जहाजमा नेपाली ५३, भारतीय नागरिक पाँच, रसियन चार, आयरल्याण्डका एक, अस्ट्रेलियन एक, अर्जेन्टिनी एक, कोरियन दुई, फ्रान्सेली एक गरी ६८ यात्रु र चालक दलका चारसदस्य थिए। जहाज खोँचमा परेकाहरूकाले उद्धारमा कठिनाइ आएको उद्धारमा खटिएका सुरक्षाकर्मी बताउँछन्।

### नेपाल वायुसेवा निगम स्तब्ध

यती एयरलाइन्सको पोखरामा भएको विमान दुर्घटनाप्रति नेपाल वायुसेवा निगमका पदाधिकारी स्तब्ध भएको जनाइएको छ। निगमले सोमबार एक सूचना प्रकाशित गरी उक्त एयरलाइन्सको नाइन एन-एएनसी-एटिआर-७२ ५०० विमान पोखरा विमानस्थलमा अवतरणका क्रममा भएको दुर्घटनाबाट निगमका समग्र पदाधिकारी स्तब्ध भएको बताइएको हो।

नेपालको हवाई उड्डयानको इतिहासमै भएको यो दुःखद घडीमा दुर्घटनामा परी ज्यान गुमाएका महानुभावमा भावपूर्ण श्रद्धाञ्जलि व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति धैर्यधारण गर्नसक्ने शक्ति मिलोस् भन्ने कामना पनि गरिएको छ।

नेपाली हवाई उड्डयान क्षेत्रलाई सुरक्षित र भरपर्दो बनाउन यस घटनाको प्रभावकारी छानबिन तथा अनुसन्धान गरी सत्यतथ्य सार्वजनिक हुनेमा निगमको अपेक्षा रहेको जनाइएको छ।

## *विमान दुर्घटनामा...*

जना र काठमाडौँका २ जना डाक्टर रहेका छन्।

डाक्टर भरत खत्रीका अनुसार सनाखत हुन नसकेका शव, चालक दलका सदस्यहरु र विदेशी नागरिकका शवलाई पोष्टमार्टम र डिएनए परिक्षणका लागि काठमाडौं पठाइने छ।

हालसम्म ६८ जनाको शव फेला परेको छ भने बाँकी बेपत्ता ४ जनाको खोजी कार्य तिव्र पारिएको जिल्ला प्रशासन कार्यालय कास्कीले जनाएको छ।

# दुर्घटनाग्रस्त विमानको 'ब्ल्याक बक्स' भेटियो

काठमाडौँ, २ माघ (रासस)।

आइतबार पोखरामा दुर्घटना भएको यती एयरलाइन्सको विमानको 'ब्ल्याक बक्स' भेटिएको छ। नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले सोमबार बिहान 'ब्ल्याक बक्स' भेटिएको जानकारी दिनुभयो।

ब्ल्याक बक्स विमान दुर्घटनाको कारण पत्ता लगाउन महत्वपूर्ण मानिन्छ। ब्ल्याक बक्समा 'फ्लाइट राडर रेकर्ड' र 'ककपिट भ्वाइ रेकर्ड' हुन्छ। प्रवक्ता निरौलाका अनुसार ब्ल्याक बक्स नेपाली सेनालाई बुझाइएको छ। उक्त ब्ल्याक बक्स सोमबारै काठमाडौँ ल्याउने र दुर्घटना जाँच आयोगलाई बुझाइने प्राधिकरणको भनाइ छ।

# विश्व समाचार

## पेरूको प्रदर्शनमा ज्यान गुमाउनेको संख्या ४२ पुग्यो

लिमा, २ माघ (रासस/एएफपी)।

पेरूमा नयाँ निर्वाचन र राष्ट्रपति बोलुआर्टेको राजीनामाको माग गर्दै पाँच सातादेखि जारी भडपमा कम्तीमा ४२ जनाको मृत्यु भएको छ।राजधानी लिमा र अन्य तीन क्षेत्रमा आइतबार आपतकालीन अवस्था घोषणा गरिएको छ भने राष्ट्रपति डिना बोलुआर्टेको विरोधमा हप्तौंदेखि जारी प्रदर्शन कम हुने कुनै सङ्केत देखिएको छैन।

राष्ट्रपति नयाँ निर्वाचन र बोलुआर्टेको राजीनामाको माग गर्दै भएका प्रदर्शनका क्रममा भएको भडपमा कम्तीमा ४२ जनाको मृत्यु भएको पुष्टि पेरूका मानव अधिकार आयुक्तले गर्नुभएको छ।गत डिसेम्बर ७ मा पेड्रो क्यास्टिलोलाई महाभियोगबाट पदच्युत गरी पक्राउ गरेपछि बोलुआर्टेले दक्षिण अमेरिकी यो देशको पहिलो महिला राष्ट्रपतिको रूपमा पदभार ग्रहण गर्नुभएको थियो।

वामपन्थी पूर्व ग्रामीण विद्यालयका शिक्षक तथा युनियनका नेता क्यास्टिलोले आफ्नो १८ महिनाको कार्यकालमा संसदमा चर्को विरोधको सामना गर्नुपरेको थियो भने उहाँविरुद्ध भ्रष्टाचारको आरोपबारे थुप्रै आपराधिक अनुसन्धानहरू शुरू भएका छन्। सरकारले लिमा, कुस्को, कालाओ र पुनो क्षेत्रमा शनिबार मध्यरातदेखि ३० दिनका लागि सङ्कटकालीन अवस्था थप गरेको छ।सङ्कटकालको घोषणाले आवागमन र भेला हुने स्वतन्त्रता जस्ता संवैधानिक अधिकारलाई पनि निलम्बन गरेको राजपत्रमा प्रकाशित आदेशमा उल्लेख छ।

पेरुका २५ क्षेत्रमध्ये ११ क्षेत्रमा आइतबार १०० भन्दा बढी सडक अवरुद्ध भएका छन्।बोलिभियासँग सीमा जोडिएको जुलियाका शहरमा आइतबार लिमाको केन्द्रीय गिर्जाघरमा प्रदर्शनकारी र एक प्रहरीलाई जिउँदै जलाइएका प्रदर्शनकारीका लागि आयोजित सामूहिक प्रार्थना सभामा दर्जनौं मानिस सहभागी भएका थिए।शोक मनाइरहेका हरूमध्ये धेरैले शान्तिको प्रतीकको रूपमा सेतो टि-शर्ट लगाएका थिए र मरेकाहरूको फोटो बोकेका थिए।

लिमाका धर्मगुरू कार्लोस क्यास्टिलोले स्पेनी र क्वेचुआ आदिवासी भाषामा सेवाको नेतृत्व गर्नुभएको छ। यो अशान्ति मुख्यतया दक्षिणी एन्डीजमा केन्द्रित छ, जहाँ क्वेचुआ र आइमारा समुदायको बसोबास छ।मानव अधिकारसम्बन्धी अन्तर-अमेरिकी आयोगले सङ्कटको अन्त्यका लागि यी समूहहरूलाई पेरुको समाजमा अझ राम्रोसँग एकीकृत गर्न आवश्यक रहेको बताउनुभएको छ। क्षेत्रीय प्रशासनका उपमन्त्री जोसे मुरोले आइतबार टिभी पेरुसँग कुरा गर्दै अनुत्तरित सामाजिक मागहरूबारे छलफल गर्न सरकारले देशव्यापी रूपमा 'वार्ताका लागि ठाउँ' सिर्जना गर्ने बताउनुभएको छ। उहाँले भन्नुभयो, "हाम्रा दाजुभाइलाई भन्नुहोस् कि यो हप्ता हामी मागहरू पूरा गर्न वार्ताको लागि ठाउँहरू स्थापना गर्न चाहन्छौं।"

## रिहाईको माग गर्दै अमेरिकी नागरिक इरानमा आमरण अनशनमा

वासिङ्टन, २ माघ (रासस/सिन्ह्वा)।

इरानको जेलमा रहेका एक अमेरिकी नागरिकले राष्ट्रपति जो बाइडेनलाई आफ्नो मुद्दालाई उच्च प्राथमिकता दिन आग्रह गर्दै सोमबारदेखि सात दिने भोक हडतालको घोषणा गर्नुभएको छ। सियामक नमाजीले बाइडेनलाई लेखेको खुला पत्रमा भनिएको छ, "राष्ट्रपति ज्यू, तपाईंका आगामी सात दिनको समयको एक मिनेट इरानमा अमेरिकी बन्धकहरूको कष्टको बारेमा सोच्नमा समर्पित होस्।"

"हामीलाई स्वदेश फर्काउने शक्ति अमेरिकाका राष्ट्रपतिसँग मात्र छ, त्यसैले उहाँले यसका लागि मनस्थिति बनाउनुपर्छ।"इरानी मूलका अमेरिकी नागरिक नमाजीलाई सन् २०१५ को अक्टोबरमा इस्लाम कानुनको पालना नगरेको आरोपमा पक्राउ गरिएको थियो। उनका पितासमेत रहेका युनिसेफका पूर्वअधिकारी बाकरलाई उहाँको रिहाइका लागि उडेको बेला पक्राउ गरिएको थियो। बाकरलाई स्वास्थ्यको कारण देखाउँदै गत अक्टोबरमा इरान छोड्न अनुमति दिइ सकिएको छ।

तत्कालिन अवस्थामा उहाँलाई अस्थायी रूपमा रिहाईको घोषणा गरिएपनि पछि उहाँलाई तेहरानस्थित इभिन जेलमा लगिएको थियो। उहाँ त्यहाँ रहेको समय जेलमा आगलागीसमेत भएको थियो। सन् २०१६ मा तत्कालीन राष्ट्रपति बाराक ओबामाको मध्यस्थतामा इरान र संयुक्त राज्य अमेरिकाबीच आणविक निःशस्त्रीकरण सम्झौता लागू भएपछि अन्य पाँच अमेरिकीलाई रिहा गरिएको थियो। उनीहरूको रिहाईको सात वर्षपछि उहाँले जेलमा अनशन सुरु गर्नुभएको हो। ओबामाका उत्तराधिकारी डोनाल्ड ट्रम्पले उक्त सम्झौताबाट पछि हटे पनि थप दुई अमेरिकीलाई इरानसँगको कैंदी आदानप्रदानमा रिहा गरिएको थियो।

"मलाई जेलका अधिकारीहरूले 'तपाईंको प्यारो अमेरिका कसरी यति हृदयहीन हुन सक्छ? एक होइन, दुई जना अमेरिकी राष्ट्रपतिले अरूलाई मुक्त गरे तर तपाईंलाई जेलमा नै छोडे' भनी खिल्ली उडाउने गर्छन्," नमाजीले आफ्नो पत्रमा लेख्नुभएको छ। बाइडेन प्रशासनले आणविक सम्झौतालाई पुनः स्थापित गर्न खोजेको थियो र जेलमा रहेका अमेरिकीहरूको रिहाइ बिना यो अगाडि बढ्न नसक्ने स्पष्ट पारेको थियो।तर बाइडेनले यो सम्झौता निकै कठिन वार्तापछि प्रभावकारी रूपमा मरिसकेको स्वीकार्नुभएको छ र कुख्यात नैतिकता प्रहरीद्वारा पक्राउ परेकी एक महिलाको मृत्युपछि इरानले प्रमुख विरोध प्रदर्शनहरूमाथि गरेको घातक दमनमा ध्यान केन्द्रित गरिएको छ।

# उदयपुरलाई पराजित गर्दै सुनसरी सेमिफाइनलमा

**दैनिक समाचारदाता**
**राजविराज, २ माघ ।**

सप्तरीको शम्भुनाथ नगरपालिका ८ पोखरीयास्थित खेलमैदानमा सञ्चालित चौथो मेयरकप २०७९ फुटबल प्रतियोगितामा तालतलैया फुटबल टिम सुनसरी सेमिफाइनलमा प्रवेश गरेको छ ।

प्रतियोगिता अन्तर्गत सोमबार सम्पन्न खेलमा ब्रोदर्स फुटबल टिम उदयपुरलाई ट्राईब्रेकरमा एकका बिरुद्ध तीन गोल अन्तरले पाखा लगाउँदै सुनसरीले सेमिफाइनलको यात्रा तय गरेको हो ।

पहिलो हाफको पाँचौ मिनेटमै उदयपुरका सविन खड्काले गोल गरी टिमलाई अग्रता दिलाएनि त्यसलाई जोगाउन नसक्दाँ सुनसरीका बिसु श्रेष्ठले खेलको २० औं मिनेटमा गोल फर्काउँदै टिमलाई बराबरीको अवस्थामा पुर्याएको थियो । त्यसपश्चात खेल अबधी भरी दुबै टिमबाट गोल हुन नसकेकोले खेलको निर्णय ट्राईब्रेकरबाट लिईएको थियो ।

प्रतियोगिता अन्तर्गत भोली मंगलबार पहिलो सेमिफाईलमा त्रियुगा स्पोर्टस क्लब फतेपुर सप्तरी र नमो बुध्द फुटबल टिम मझौ खडक नगरपालिका सप्तरीले प्रतिष्पर्धा गर्ने संयासी युवा क्लवका सचिव श्रवण कुमार चौधरीले जानकारी दिए ।

शम्भुनाथ नगरपालिकाको सहयोगमा संयासी युवा क्लब पोखरीयाद्वारा सञ्चालित प्रतियोगितामा सप्तरी, सिरहा, महोत्तरी, उदयपुरका बिभिन्न १२ क्लबको सहभागिता रहेको छ । प्रतियोगिता माघ ६ गतेसम्म चल्ने प्रतियोगिताका बिजेताले नगद ५५ हजार तथा ट्रफि र उपविजेताले नगद ४५ हजार प्राप्त गर्नेछ ।

संयासी युवा क्लवले गत २०४३ सालदेखि फुटबल प्रतियोगिता सञ्चालन गर्दै आएको छ ।

# मधेस प्रदेशको सभामुख निर्वाचन र मुख्यमन्त्रीले विश्वासको मत लिने कार्यक्रम मंगलबार

जनकपुरधाम, २ माघ (रासस) ।

मधेस प्रदेशसभा सभामुखको निर्वाचन र मुख्यमन्त्री सरोजकुमार यादवले विश्वासको मत लिने कार्यक्रम मंगबारका लागि तय गरिएको छ ।

आइतबार कास्कीको पोखरामा भएको विमान दुर्घटनाका कारण संघीय सरकारले राष्ट्रिय शोक बिदा दिएकाले सोमबारका लागि तोकिएका कार्यक्रम स्थगित गरी भोलिका लागि तय गरिएको प्रदेशसभा सचिवालयका सचिव रञ्जितकुमार यादवले जानकारी दिनुभयो ।

यसअघि सोमबार दिउँसो १ बजेका लागि तय भएको प्रदेशसभा बैठकमा मुख्यमन्त्री सरोज यादवले विश्वासको मत लिने र सभामुखका लागि उम्मेदवारी दिएका प्रस्तावित नाम निर्णयार्थ प्रस्तुत गर्ने कार्यसूची थियो । प्रदेशसभा सचिवालय सचिव यादवले प्रदेशसभा अध्यक्ष गोविन्दबहादुर न्यौपाने र मुख्यमन्त्री यादवको समन्वयपछि भोली मङ्गलबार दिउँसो १ बजेका लागि बैठक सारिएको बताउनुभयो ।

मुख्यमन्त्री सरोजकुमार यादवले पनि विमान दुर्घटनामा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जलि र परिवारजनमा गहिरो दुःख व्यक्त गर्दै देश शोकमा डुबेको र राष्ट्रिय शोक बिदा दिइएकाले आफूले भोलिको बैठकमा विश्वासको मत लिने जानकारी दिनुभयो ।

गत बुधबार मुख्यमन्त्रीमा नियुक्त हुननुभएका यादवले शुक्रबार पद तथा गोपनीयताको शपथ लिनुभएको थियो भने सभामुखमा सत्ता गठबन्धनका तर्फबाट नेकपा (एमाले) का रामचन्द्र मण्डल र नेपाली कांग्रेसका तर्फबाट जङ्गीलाल रायको उम्मेदवारी दर्ता भएको छ ।

# विमान दुर्घटनामा भएको मानवीय क्षतिप्रति स्तब्ध छौं : यती एयरलाइन्स

काठमाडौं, २ माघ (रासस) ।

यती एयरलाइन्सले आइतबार पोखरामा भएको विमान दुर्घटनामा भएको मानवीय क्षतिप्रति स्तब्ध भएको जनाएको छ ।

एयरलाइन्सले सोमबार एक सूचना जारी गरी माघ १ गते आइतबार बिहान काठमाडौंबाट पोखरातर्फ उडेको यती एयरलाइन्सको ९ एन-एएनसी एटिआर-७२-५०० वायुयान सेती नदीको खोँचमा दुर्घटनाग्रस्त हुँदा भएको मानवीय क्षतिप्रति स्तब्ध भएको जनाएको हो ।

सो एयरलाइन्सले अकल्पनीय दुर्घटनामा परी दिवङ्गत हुनुभएकाप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै मृतक आत्माको चीरशान्तिको कामना गर्नुका साथै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरेको छ ।

दुःखद् घडीमा एयरलाइन्सले शोकाकुल परिवार, इष्टमित्र, साथीभाइ तथा आफन्तजनमा भगवानले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामनासमेत गरेको छ ।

### *विमान दुर्घटना ...*

हो । आयोगलाई ४५ दिनको समयावधि तोकिएको छ ।

आयोगले दुर्घटनाका कारण पहिचान गर्नुका साथै आगामी दिनमा त्यस्ता दुर्घटना हुन नदिनका लागि गर्नुपर्ने कार्यका लागि सुझावसहितको प्रतिवेदन पेस गर्ने जिम्मेवारी दिइएको छ । गैरसैनिक हवाई उडान दुर्घटना जाँच नियमावली, २०७१ बमोजिम दुर्घटना जाँच आयोग गठन गरिएको हो ।

## माईग्रेशन सर्टिफिकेट हराएको सुचना

जिल्ला सप्तरी साविक गा.वि.स. चकवा-६ वस्ने सुरेन्द्र कुमार रसाईलीको छोरी आशा कुमारी रसाईलीको नाममा रहेको आई.एड.को रजिष्ट्रेशन नं. ५४१५०५०६२ भएको माईग्रेशन सर्टिफिकेट मिति २०७८/०९/२६ गते राजविराज बजारदेखि घर सम्म जाने क्रममा हराएको हुदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालयमा बुझाइ दिनु हुन अनुरोध गर्दछु ।

**आशा कुमारी रसाइली**
**फोन नः ९८२५७२८३२०**


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**



## डा. कालीप्रसाद यादव

**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

**MBBS, MD (BPKIHS) NMC NO. 19992**

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



## सामाजिक सञ्जाल प्रयोगमा सचेतता अपनाऔं

- सामाजिक सञ्जालमा अपरिचित व्यक्तिको साथी बन्ने अनुरोधलाई विश्वस्त भएर मात्र प्रतिक्रिया जनाऔं।
- अपरिचित व्यक्तिलाई जथाभावी साथी बन्न अनुरोध नपठाऔं।
- सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट चिट्ठा पुरस्कार जस्ता आर्थिक प्रलोभनका प्रस्तावको भ्रममा नपरौं।
- आफुले प्रवाह गरेका सन्देश वा सूचनाबाट समाजमा पर्नसक्ने नकारात्मक प्रभावको ख्याल गरौं।
- आफ्नो सन्देशले कुनै व्यक्ति वा अन्य कुनै समुदायको आत्मसम्मानमा चोट नपुऱ्याऔं

नेपाल सरकार
विज्ञापन बोर्ड



**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*